# त्रिभुवन विश्वविद्यालय

# संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम

# २०५०

(२०८०/०३/१२ सम्मको संशोधन सहित)

त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५०

मुद्रकः
त्रिभुवन विश्वविद्यालय छापाखाना
कीर्तिपुर, काठमाडौं, नेपाल ।
फोन नं.: ४-३३१३२०, ४-३३१३२१

मूल्य रु. ४७०।-

# त्रिभुवन विश्वविद्यालय
# संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी
# नियम २०५०

(२०८०/०३/१२ सम्मको संशोधन सहित)

त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ

## परिच्छेद – ६६
## परीक्षाको प्रयोजनका लागि विद्यार्थीहरूको आचार संहितासम्बन्धी व्यवस्था

२५५. प्रत्येक परीक्षार्थीले परीक्षामा सम्मिलित हुनका लागि परीक्षा नियन्त्रण कार्यालयले जारी गरेको परीक्षा प्रवेशपत्र प्राप्त गर्नुपर्नेछ।

२५६. परीक्षाको प्रत्येक दिन परीक्षार्थीले परीक्षा प्रवेशपत्र परीक्षा भवनमा आफ्नो साथमा राख्नु पर्नेछ। विना प्रवेशपत्र परीक्षार्थीलाई परीक्षामा बस्न दिइने छैन ।

२५७.[T]परीक्षा नियन्त्रण कार्यालयले उपलब्ध गराएको परीक्षा प्रवेशपत्रको पृष्ठ भागमा उल्लिखित सम्पूर्ण बुँदाहरूको पालना परीक्षार्थीले गर्नु पर्नेछ र परीक्षा प्रवेशपत्रमा उल्लिखित विषयहरूमा मात्र परीक्षार्थीले परीक्षा दिनुपर्नेछ ।

२५८. परीक्षार्थीले केन्द्राध्यक्ष वा निरीक्षकको अनुमतिविना आफ्नो सिट र परीक्षा प्रारम्भ भएको एक घण्टा अगावै परीक्षा भवन छाड्न पाउनेछैन ।

२५९. परीक्षा भवनमा तोकिएको सिटप्लानअनुसार आफ्नो स्थानमा रही परीक्षा दिनुपर्नेछ ।

२६०. परीक्षार्थीले परीक्षा भवनमा निषेधित वस्तुहरू लैजान हुँदैन । कुनै परीक्षार्थीले त्यस्ता वस्तुहरू लगेमा वा अभद्रव्यवहार गरेमा केन्द्राध्यक्षले त्यस्ता परीक्षार्थी उपर कारबाही गर्नुका साथै परीक्षा भवनबाट निष्कासन गर्न सक्नेछ । साथै परीक्षार्थीले निषेधित

[T]२०५६ पौष ३० गते बसेको त्रि. वि. सभाको बैठकबाट संशोधन

वस्तुहरू लगेमा वा ♦परीक्षा कोठाबाट उत्तरपुस्तिका लुकाई लगेमा, अनियमित कार्य गरेको वा अन्य अभद्र व्यावहार गरेको प्रमाणसहित कारबाहीको लागि केन्द्राध्यक्ष, पर्यवेक्षक, परीक्षक वा सुपरीवेक्षकबाट सिफारिस भै आएमा केन्द्रीय परीक्षा सञ्चालक समितिले नियम २६८ मा उल्लेख भएको हदसम्मको कारबाही गर्न सक्नेछ ।

२६१. उत्तरपुस्तिकाको अग्रभागमा उल्लिखित सम्पूर्ण बुँदाहरूको परीक्षार्थीले पालना गर्नुपर्नेछ ।

२६२. परीक्षार्थीले परीक्षा भवन छाड्नुअघि आफ्नो उत्तरपुस्तिका सम्बन्धित निरीक्षकलाई बुझाउनु पर्नेछ ।

२६३. उत्तरपुस्तिका बुझाइसकेपछि परीक्षार्थी परीक्षाकेन्द्रको हाताबाहिर जानुपर्नेछ ।

२६४. रोगी, अस्वस्थ वा अपाङ्ग परीक्षार्थीले परीक्षा प्रारम्भ हुनु एक घण्टाअगावै आफ्नो स्थिति र परिस्थितिबारे केन्द्राध्यक्षलाई अवगत गराउनुपर्नेछ । परीक्षा प्रवेशपत्रमा उल्लिखित विषयहरूमा मात्र परीक्षार्थीले परीक्षा दिनुपर्नेछ ।

२६५. परीक्षार्थीले परीक्षा भवनको हाताभित्र अरू कसैलाई ल्याउनु हुँदैन ।

२६६. परीक्षार्थीले तोकिएको भाषा, माध्यममा उत्तर दिन पाउनेछ ।

२६७. अन्धो वा हातले लेख्न नसक्ने परीक्षार्थी भएमा त्यस्तो परीक्षार्थीले लेख्ने काममा सहयोगी राख्न पाऊँ भनी केन्द्राध्यक्षलाई अनुरोध गर्नुपर्नेछ । केन्द्राध्यक्षले स्थितिको अध्ययन गरी सम्बन्धित

---

♦२०६८ साल वैशाख ८ गते बसेको त्रि. वि. सभाको बैठकबाट संशोधन

परीक्षाभन्दा बढीमा एक तहमुनिको उपाधि प्राप्त गरेका व्यक्तिलाई सहयोगी लेखकको रूपमा राख्न अनुमति दिनसक्नेछ ।

२६८. [T]परीक्षा सञ्चालन कार्यमा खटिएका कुनै पनि व्यक्तिहरूउपर परीक्षार्थीले अभद्र व्यवहार, हुलहुज्जत, हातपात तथा कुटपिट जस्ता कार्य गर्नुहुँदैन । कुनै परीक्षार्थीले त्यस किसिमको कार्य गरेमा गरेको कार्यको अनुपातमा केन्द्रीय परीक्षा सञ्चालक समितिले सम्बन्धित परीक्षा रद्द गर्नुका साथै निज परीक्षार्थीलाई १ वर्षदेखि ४ वर्षसम्म कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी निष्कासन गर्न सक्नेछ ।

२६९. [T]परीक्षार्थीले व्यक्तिगत वा सामूहिक रूपमा आफ्नो वा अरूको परीक्षा बिथोल्ने जस्ता कार्य गर्न पाउने छैन । त्यस्तो काम गर्ने परीक्षार्थीलाई कारबाहीका निमित्त स्थानीय प्रशासनको जिम्मा लगाइदिन सकिनेछ ।

२७०. परीक्षार्थीले आफू सम्मिलित हुनुपर्ने परीक्षामा आफै नै सम्मिलित हुनुपर्नेछ र अरूलाई सम्मिलित गराउनु हुँदैन । अरूलाई सम्मिलित गराएको प्रमाणित हुन आएमा परीक्षार्थीलाई परीक्षा सञ्चालक समितिले बढीमा ४ वर्षसम्म निष्कासन गर्ने निर्णयका साथै फौजदारी अभियोगको कारबाही चलाउन स्थानीय प्रशासनलाई जिम्मा लगाइनेछ र विश्वविद्यालयको कुनै पनि परीक्षामा ४ वर्षसम्म सम्मिलित हुनबाट वञ्चित गर्न सकिनेछ ।

---

[T]२०५६ पौष ३० गते बसेको त्रि. वि. सभाको बैठकबाट संशोधन

❖२७०क क्याम्पस वा अध्ययन संस्थानले सञ्चालन गर्ने परीक्षा वा प्रवेश परीक्षामा आफू संलग्न हुनुपर्ने व्यक्तिले अन्य कुनै व्यक्तिलाई समावेश गराई सोही आधारमा भर्ना गरेको कुरा प्रमाणित भएमा त्यस्तो विद्यार्थी जुन तह र वर्षमा अध्ययनरत भएको भए पनि सम्बन्धित अध्ययन संस्थान परीक्षा सञ्चालक समिति वा केन्द्रीय परीक्षा सञ्चालक समितिले निणर्य गरी सो भर्ना रद्द गर्नु पर्नेछ ।

---

❖२०७३ असार २६ गते बसेको त्रि. वि. सभाको बैठकबाट थप